'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

रुकुमको लोकप्रिय पत्रिका

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

वार्षिक ग्राहक शुल्क १०००

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालबाट 'क' वर्गमा बर्गिकृत

राष्ट्रिय साप्ताहिक

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा

सूचना तथा विज्ञापन छपाई गर्नु परेमा

पत्रिका नियमित नआएमा

समाचार तथा विचार छपाई गर्नु परेमा

सर्म्पकको लागि :

९८५१२३६७१३,९८४७८७६७१३

Email-rekhadekh@gmail.com

वर्ष ९ अंक २७ रुकुम २०८० असार ४ सोमबार 19 June 2023 Monday पृष्ठ ४



**यसरी हुन्छ भूमे पर्वको फुल टिप्ने यात्रा**

जेठ १ गते साँझबाट सुरु हुने यो पर्व जेठ १५ गतेसम्म एक दिन बिराएर नाँच्छन् । १५ गते साँझ देखि मसान्त हुनु दुई दिन अगाडि सम्म धुमधामले नाँच्ने गर्छन् ।

२



**गुरिल्ला अल्ट्रा ट्रेल रेसको उपाधी भुवन र अनितालाई**

भूमे गाउँपालिकाले आयोजना गरेको ५२ किलोमिटर दुरिमा गुरिल्ला अल्ट्रा ट्रेल रेसमा पुरुष तर्फको उपाधि रुकुम पश्चिम सानीभेरीका भुवन ओलीले जितेका छन् ।

३



**डिभोर्स मन्दिर: डिभोर्सका लागि महिलाहरु जान्छन्**

तपाईले यस्तो मन्दिरका बारेमा सुन्नुभएको छ जहाँ मानिसहरु जोडी बाँध्न वा मिलनका लागि होइन छुट्टिन वा डिभोर्सका लागि जाने गर्दछन् ?

४

### आगामी आर्थिक वर्ष २०८०/०८१ मा ९० करोड विनियोति

# सुधार हुदैं राप्ती लोकमार्ग

■ बुद्धि पुन/सल्यान

रेखदेख संवाददाता

तीन जिल्ला जिल्लाको मुख्य सडकको रुपमा रहेको राप्ती राजमार्ग स्तरोन्नतिको काम भैरहेको छ । दाङ-सल्यान-रुकुम पश्चिम सडकको सल्यान खण्डमा अहिले धमाधम रुपमा सडक स्तरोन्नतिको काम भैरहेको हो । जीर्ण सडकका कारण नागरिकले सास्ती पाउदैं आएको अवस्थामा पछिल्लो केही महिना यता भने सडकको स्तरोन्नतिको कामले तिव्रता पाएको छ ।

अहिले सडकमा नाला निर्माण, उप्किएको ठाउँमा कालोपत्रे गर्ने, साँघुरो सडकको छेउमा पर्खाल निर्माण गर्ने लगाएतका काम भैरहेका छन् । राप्ती राजमार्गको दाङ र रुकुम खण्डमा सन्तोषजनक नै सडक भएपनि सल्यान खण्डमा भने जीर्ण हुँदा यात्रुलाई सास्ती हुनुका साथै दुर्घटनाको जोखिम समेत बढेको हो । दाङ-सल्यान सिमाना देखि कपुरकोटसम्मको सडक जीर्ण भएपनि अन्य क्षेत्रको सडकको भने धमाधम काम भैरहेको छ ।

दाङ-सल्यान सिमानादेखि रुकुम-सल्यान सिमानासम्म १८ वटा ठेक्का लगाएर काम सञ्चालन गरिएको छ । जसका कारण केही भाग बाहेक आधाबढी खण्डमा सडकको स्तरोन्नतिको काम सकिएको छ । सडकको स्तरोन्नति हुँदा यात्रा गर्न सहज भएको छ । तर केही निर्माण व्यवसायीले काममा ढिलासुस्ती गर्दा केही खण्डको काम अपुरो छ । राजमार्गको स्तरोन्नतिमा ठूला योजना भन्दा पनि साना योजना निर्माण गरेर



फाईल तस्वीर

सडकको स्तरोन्नतिमा बेवास्ता गरेको स्थानियको गुनासो छ । निर्माण व्यवसायिलाई असारसम्ममा ती सबै ठेक्काको काम सम्पन्न गर्न निर्देशन दिइएको छ । जिल्लामा मन्त्रीदेखी सांसद र बिभिन्न निकायको पटक-पटकको छलफलले काममा तिव्रता पाएको स्थानिय बताउँछन् ।

स्थानिय सुवास केसीले पहिलेको भन्दा सडकको केही सुधार भएपनि सन्तुष्ट रहने अवस्था नरहेको बताए । 'राजमार्ग जस्तो क्षेत्रमा टुक्रे योजना बनाउनु नै गलत हो, यसले काममा ढिलासुस्ती हने गरेको छ । अहिलेको अवस्था हेर्दा अधिकांश क्षेत्रमा सडकको स्तरोन्नति भएको छ, नाला बनाइएको छ, उप्किएको कालोपत्रे टालिएको छ' उनले भने, 'यो तत्कालको लागि हो, टालो हालेको सडकको भविष्य छैन्, त्यसैले नयाँ योजना बनाएर अघि बढ्नुपर्छ ।'

उनले अहिले सडकको मर्मतसँगै स्तरोन्नतिको काम अघि बढाउनुपर्ने बताए । 'दाङ-सल्यान सिमाना देखि कपुरकोटसम्मको सडकको भबिष्य छैन्, सडकलाई दुइ लेनको बनाउनु नै पर्छ' उनले थपे, 'सडक दुई लेनको बनाउन अझै केही बर्ष लाग्ला, त्यतिन्जेल सम्मको लागि मर्मतको काम पनि जारी राख्नुपर्छ, नत्र नागरिकले थप सास्ती भोग्नुपर्छ ।'

यस सडकको मर्मत तथा स्तरोन्नतिमा यसै पटक करिब ४० करोड रुपैँया खर्च हुदैंछ ।

संघिय सरकारले भने राप्ती राजमार्गको स्तरोन्नतिका लागि ९० करोड रुपैंया विनियोजन गरेको छ । सरकारको आगामी आर्थिक बर्षको वजेट सार्वजनिक गर्दै अर्थमन्त्री डा.प्रकाशशरण महतले आगामी आर्थिक बर्षमा राजमार्गको दाङ-सल्यान-रुकुम सडकको स्तरोन्नतिका लागि ९० करोड रुपैँया विनियोजन भएको बताएका थिए ।

भौतिक पुर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले राप्ती राजमार्गलाई अव दुई लेनको सडकका रुपमा विकास गर्नका लागि बहुबर्षिय योजनामा राखिएको जानकारी दिएका छन् ।

६ अर्बको लागतमा राजमार्गलाई दुई लेनमा विकास गरिने र आउँदो आर्थिक बर्षका लागि ९० करोड रुपैंया विनियोजन भैसकेको उनले जानकारी दिएका छन् । उनका अनुसार अव सल्यानमा सडक डिभिजन कार्यालयको प्रोजेक्ट अफिस नै स्थापना गरेर काम अघि बढाइने छ ।

## ब्याडमिन्टन प्रतियोगिता

# भेट्रानतर्फ सुनिल र बलबहादुर, नन भेट्रानतर्फ डम्बर र इश्वरको टीम पहिलो



■ रेखदेख संवाददाता

मुसीकोट

ओलम्पिक दिवसको अवसरमा रुकुम (पश्चिम) मा आयोजित ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ । जिल्ला ब्याडमिन्टन संघ रुकुम पश्चिमको आयोजनामा असार १ गतेदेखि सुरु भएको प्रतियोगिता सम्पन्न भएको हो । भेट्रान (४५ वर्ष माथि) र नन भेट्रान (४५ वर्ष मुनि) गरी दुई प्रकारमा प्रतियोगिता भएको थियो । जसमध्ये भेट्रान तर्फ सुनिल शाह र बलबहादुर बुढाथोकीको जोडी पहिलो भएको छ ।

फाइनलमा भागिराम भण्डारी र हिर ालाल भण्डारीको जोडीलाई २-० को सोझो सेटमा पराजित गर्दै सुनिल र बलबहादुर को जोडी पहिलो भएको हो ।

ताराप्रकाश पुन र धनबहादुर नेपाली तथा तेजबहादुर खत्री र प्रबिर डाँगीको जोडी शान्त्वना भएको जिल्ला ब्याडमिन्टन संघले जनाएको छ । भेट्रान तर्फ ८ जोडीले प्रतिस्पर्धा गरेका थिए । त्यस्तै नन भेट्रान तर्फ (४५ वर्ष मुनी) को खेलमा डम्बर थापा र इश्वर रावलको जोडी पहिलो भएको छ । फाइनलमा भावेस बोहरा र सिद्धार्थ केसीको जोडिलाई २-१ को सेटमा पराजित गर्दै डम्बर र इश्वरको जोडी पहिलो भएको जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष अनिल बुढाले जानकारी दिएका छन् । प्रतियोगितामा महेन्द्र केसी र विशाल बिष्ट तथा नवराज मल्ल र अनमोल शाहको जोडी शान्त्वना भएको उनले जनाए । दुवै खेलमा विजेता, उप विजेता र शान्त्वना जोडीलाई मेडल र प्रमाण पत्र दिइएको बताएको छ । त्यस्तै प्रतियोगितामा सहभागी अन्य सबै खेलाडीलाई पनि प्रमाण पत्र दिइएको उनको भनाई रहेको छ । ४५ वर्ष मुनीको नन भेट्रानतर्फ ५८ जोडीले प्रतिस्पर्धा गरेका थिए । जिल्लामा पहिलो पटक ओलम्पिक दिवसको अवसरमा ब्याडमिन्टन प्रतियोगिता आयोजना गरेको थियो ।हरेक वर्ष जुन ३ देखि २३ सम्म विभिन्न कार्यक्रम गरी ओलम्पिक दिवस मनाउने गरिन्छ ।

खानेपानी, सिँचाई तथा उर्जा विकास कार्यालय रुकुम पशिचम

जिल्ला खाने पानी तथा सरसफाईं समन्वय समितिको जनहितमा जारी सन्देश

• सफा राखौं घर आगन सुक्षित पानी निरोगी र स्वच्छ बन्छ हाम्रो जिन्दगानी ।
• फोहर पानीबाट लाग्ने झाडापखाला लगायतका रोगहरुबाट बच्न खानेपानी सरसफाई तथा स्वच्छतामा सजगता अपनाउँ ।
• खानेपानी शुद्धिकरणका विधी जस्तै उमालेर वा क्लोरिन हालेर मात्र पिउने गरौं ।
• खाना पकाउनु अघि, खाना खानु अघि, तथा खुवाउनु अघि, खाना खाएपछि दिशा धोएपछि सौचालय गएपछि फोहर वा अन्य चिज छोएपछि घरबाहिर गएर आएपछि अनिवार्य रुपमा साबुनपानीले मिची मिची हात धोएर सफा कपडाले पुछौं ।
• सौचालय नियमित रुपमा सफा गरौं ।
• सफा रहौं, स्वस्थ बनौं ।

खानेपानी, सिँचाई तथा उर्जा विकास कार्यालय रुकुम (पशिचम)

रेखदेखको ग्राहक बन्न

समाचारको लागि:
९८४७८७६७१३
९८०९५९२६९८

विज्ञापनको लागि
९८५१२३६७१३
९८४७८७६७१३
९८०९५९२६९८

ग्राहक बन्न:
९८४७८७६७१३
९८०९५९२६९८

जनहितमा जारी सन्देश

◆ खेती योग्य जमिनमा बसो वास नगरौं/नगराऔं ।
◆ हरियाली बातावरण सहितको नमूना बस्तीको विकास गरौं ।
◆ सिँचाई सुविधामा बाधा नपुग्ने गरी वस्ती वसालौं ।
◆ गाउँ बस्तीलाई नमूना बस्तीमा रुपान्तरण गरौं ।
◆ समृद्ध नेपालक निर्माण गरौं ।
◆ मानो रोपी, मुरी फलाऔं ।
◆ खेती योग्य जमिन बाँझ नछोडौं ।
◆ पसिना बगाऔं, समुन्नत बनौं ।
◆ आफू र देशलाई परनिर्भताबाट बचाऔं ।

जिल्ला कृषि विकास कार्यालय
रुकुम (पशिचम) कर्णाली प्रदेश नेपाल

'बाटो कहाँ जान्छ, त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

# कृषि बजेटमा किसानको पहुँच पुग्दैन ?

हरेक वर्ष बजेट भाषण हुन्छ । बजेटमा अन्य विकास निर्माणका योजना सार्वजनिक हुन्छ । तर यहाँका झण्डै ८० प्रतिसत जनसंख्या कृषि क्षेत्रमा रहेका छन् । आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटमा पनि कृषि क्षेत्रमा प्राथमिकता दिईएको छ । कुल बजेट १७ खर्व ५१ अर्ब बजेट विनियोजित गरेकोमा कृषि क्षेत्रमा ५८ अर्व ९८ करोड रुपैयाँ बजेट विनियोजित गरेको छ । तर हरेक वर्ष कृषि क्षेत्रमा अर्बो बजेट विनियोजित गर्दा पनि नेपालको कृषि क्षेत्र किन आत्मनिर्भर हुन सकेको छैन ? कारण कृषिमुखी बजेट नहुँन, कृषि बजेट किसानको पहुँच नपुग्नु, व्यवसायीक किसानलाई भन्दा गैर किसानहरुलाई अनुदानमुखी बजेट वितरण गर्नु, नै हो । किसानहरुलाई मौसम प्रतिकुलता सँग जुध्ने सामर्थ्य छैन । नत मौसम अनुकुलको कृषि पद्धति अपनाउने ज्ञान शीप नै छ । नेपाल अहिले तीन तहका सरकार रहेका छन् । तीनै तहमा कृषि प्रणालीको विकासका लागि संयन्त्र पनि रहेका छन् । त्यस्तै कृषि उत्पादनमा जोड दिन सिँचाई व्यवस्थापन गर्नका लागी जलस्रोत मन्त्रालय र जिल्ला जिल्लामा पनि यसको संयन्त्र रहेको छ । कृषकलाई मल र बीउ उपलब्ध बनाउनको लागि कृषि सामग्री कम्पनीहरु छन । तर किसानले नत वेलामा मल विउ पाउछन । नत सिँचाई सुविधान नै। जसका कारण कृषि पेशावाट नयाँ पुस्ता पलाएन भएका छन । कृषि पेशामा सरकारीले उचित प्रोत्साहनका कार्यक्रम सञ्चालन नगर्दा परम्परागत कृषि प्रणालीको विकास हुन सकेको छैन् । परम्परागत खेती प्रणालीवाट कृषि उत्पादनले देशको मागलाई थेम्न सकेकै छैन् । जसका कारण वर्षेनी खाद्य असुरक्षा वढ्दै गएको छ । भने अर्को तिर भाते वानीले पनि खाद्य सुरक्षामा असर पारेको छ । खाद्य असुरक्षित क्षेत्रमा बोराको चामल दिएर परनिर्भर वनाउनु भन्दा भौगलिक क्षेत्र र मौसम अनुकुल खेती प्रणालीमा जोड सरकारको मुख्य दायित्व हो । नेपालमा जनसख्या वढ्दो छ, खेती योग्य जमिनमा घर घडेरी वनिरहेका छन । सिँचाई सुविधा छैन । आकासे पानीको भरमा खेती गर्न पर्ने अवस्था छ । कृषिमा नयाँ बीउ, प्रविधी र जनशक्ति अभाव छ । साथै जलवायु परिवर्तनले पनि कृषि उत्पादनमा ह्रास ल्याएको छ ।

# यसरी हुन्छ भूमे पर्वको फुल टिप्ने यात्रा

जेठ १ गते साँझबाट सुरु हुने यो पर्व जेठ १५ गतेसम्म एक दिन बिराएर नाँच्छन् । १५ गते साँझ देखि मसान्त हुनु दुई दिन अगाडि सम्म धुमधामले नाँच्ने गर्छन् । देउताको नाममा रक्सी छिट्टा चढाएपछि दमाईहरूबाट पञ्चेबाजा बजाउने हुन्छ । त्यसपछि विधिवत रुपमै भूमे नाँच फुकुवा हुन्छ । विभिन्न १२ चाला नाँचको यो शास्त्रीय नाँच १२ प्रकारकै बाजा(गाँजामा नाचिन्छ । जेठको मसान्त हुनु अगाडि देखि यसरी हुन्छ रमाइलो भूमे नाँचको फुल टिप्ने यात्रा।



**प्रभात गुरुङ**

मगर समुदायमा भूमे नाँचको रौनक छाएको छ । एक महिना लामो यो पर्वको आफ्नै मौलिकता छ । जल स्थल र वायुबाट हुन सक्ने क्षतिलाई रोक्न भूमि देउतालाई खुसि पार्न यो पर्व मनाइन्छ भन्ने जनविश्वास छ । भूमिको पुजा नगरिएमा भूमि देउता रिसाएर ठूलो अनिष्ट निम्त्याइदिने भएकाले यो पर्व प्रत्येक वर्ष मनाउने गरिन्छ । यतिबेला गाउँमा भद्र भलाद्मीहरू गाउँको पुराना हिसाब किताबहरू जम्मा गरि नयाँ योजनाहरू, कानुनहरू निर्माण गर्न जुतिरहेका छन् । जेठ १ गते साँझबाट सुरु हुने यो पर्व जेठ १५ गतेसम्म एक दिन बिराएर नाँच्छन् । १५ गते साँझ देखि मसान्त हुनु दुई दिन अगाडि सम्म धुमधामले नाँच्ने गर्छन् । देउताको नाममा रक्सी छिट्टा चढाएपछि दमाईहरूबाट पञ्चेबाजा बजाउने हुन्छ । त्यसपछि विधिवत रुपमै भूमे नाँच फुकुवा हुन्छ । विभिन्न १२ चाला नाँचको यो शास्त्रीय नाँच १२ प्रकारकै बाजा(गाँजामा नाचिन्छ । जेठको मसान्त हुनु अगाडि देखि यसरी हुन्छ रमाइलो भूमे नाँचको फुल टिप्ने यात्रा।

जेठ महिनाको मसान्तको दिन गाउँका ठुलाहरूसँग सल्लाह लिई फुल टिप्न जाने टोली चौतारामा जम्मा हुन्छन् । चौतारामा नाँचिसकेपछि पुनः भूमे नाच्ने ठाउँमा नाँच्न जान्छन् । भूमे नाँच्ने ठाउँलाई "नाची" भनिन्छ । चौतारा र नाचीमा विधिवत रुपमै १२-१२ चाला नाचिसकेपछि अब बुकी जाने हुन्छ । बुकी नपुग्दासम्म एउटै मात्र बाजा बजाउनु पर्छ जसलाई फुल टिप्ने बाजा भनिन्छ । नाँच्दै नाँच्दै उकालो लागेको टोलीले ठाउँ-ठाउँमा पन्थ्याउली मान्दै जान्छन् । पन्थ्याउली भनेको मगर खाम भाषामा प्राकृती देउताहरूलाई खुसि पार्न फुल लगायत मन पर्ने चिजहरू चढाउन बनाइएको ढुङ्गाको गारो लगाइएको ठाउँ हो । जसको उद्देश्य यात्राको सफलताका लागि देउताहरूसँग मागिने एक प्रकारको वर जस्तै हो । दिन भरि एकै प्रकारको बाजा बजाउँदै विभिन्न पन्थ्याउली मान्दै जब साँझ हुन्छ । टोली एक ठाउँ बाँस बस्छन् जहाँ सोतरले हानाहान गरि र माइलो गर्छन् । त्यस ठाउँलाई "सला राल्सिओ" भनिन्छ । सोतरलाई स्थानीय भाषामा "सला" भनिने र त्यही सोतरले हाना-हान गर्ने भएर नै त्यस ठाउँलाई सला राल्सिओ भनिएको हो । त्यहाँ रातभरि विभिन्न समूह-समूह भएर दोहोरी गाउँदै रमाइलो गरिन्छ । बिहान सबैरै उठेर एक जना दमाई र एक जना जेठी पर्याल पुन मगरबाट धुप बाल्न नोगोपो थरकी माथि मुलपानीमा जान्छन् । अरु टिम पनि पछिपछि तँछाडमछाड गर्दै माथि जान्छन् र फुल टिप्छन् । पहिला पहिला फुल टिप्ने फुलबारीहरू आ-आफ्नो थरमा विभाजन गरेर राखिएको हुन्थ्यो । एक थरका मान्छेहरू अर्को थरका मान्छेहरूको फुलबारीमा फुल टिप्न जाँदैन थिए । अहिले भने मिलेर सबैले जहाँ पनि टिप्ने गर्छन् । फुल टिपिसकेपछि गाउँभरिका नाँच्न एउटा थरकी (चौपारी) हुन्छ । त्यहाँ जम्मा भई एउटा मुर्ला गाडेर नाँच्छन् । त्यसपछि आआफ्नो थरको पनि छुट्टाछुट्टै चौपारीहरू हुन्छन् । त्यहाँ पनि मुर्ला गाडेर नाँच्न जान्छन् । कम गएका मान्छेहरू अरुको चौपारी पनि घुमाएर नाँच्छन् ता कि आफ्नो चौपारीमा तिनीहरू पनि नाचिदिनु पर्छ । यसरी एक अर्कालाई साथ दिन्छन् । नाँचेर सकिएपछि नास्ता गरेर फर्किने तयारी गर्छन । फर्किंदा महिला पुरुष छ्यासमिस मिलेर पछ्यौरी गासेर समाउदै आउछन् । पुरुषले बुकीमा फुल्ने फुलहरूको नाम लिँदै र महिलाले बेंसीमा फुल्ने फुलहरूको नाम लिँदै "न्याहो"भन्दै गीत गाउँदै फर्किन्छन् । आउनेबेला बाटोमा पर्ने हरेक पन्थ्याउलीमा मुर्ला गाड्दै धजा झुन्डाएर नाच्दै आउँछन् । आउँदा तेस्रो पन्थ्याउली आइपुग्दा बुढा पाका उमेरका कहिलै फुल टिप्न नगएकाहरूलाई बोकेर पन्थ्याउली घुमाइदिन्छन् । तिनीहरुले आफ्नो स्वैच्छिक रुपमा पैसा समुहमा दान गर्छन् । त्यसलाई समुहको खर्चमा जोड्छन् । त्यसैगरी प्रत्येक पन्थ्याउलीमा नाच्दै नाच्दै जब अन्तिम पन्थ्याउलीमा पुग्छन् । आफ्ना चेलीबेटीले दाजुभाईलाई फुल लगाइ आशीर्वाद आदान प्रदान गर्छन् । त्यसपछि पनि पछ्यौरी गाँसेर समातेर नै गाउँ झर्छन् । बाटोमा आउँदै गरेको देखेपछि गाउँका ठुला बडा र आफ्ना घरका मान्छेहरुले नास्ता लगिदिने चलन छ । भूमे नाँच्ने ठाउँ नाची आइपुग्दा दिदी बहिनी चेलीबेटीहरू नास्ता खाजा, रोटी र रक्सी आदि लिइ त्यहाँ पुग्छन् । दिदीबहिनी र त्यहाँ खाजा नास्ता लगिदिनेहरूलाई फुल टिप्न गएकाहरूले फुल लगाइदिन्छन् । र आशीर्वाद साटासाट गर्छन् । नास्ता गरिसकेपछि झोलाहरू त्यहीं राखेर पछ्यौरा समाउँदै पुरै गाउँ घुमाइ फेरि सोही ठाउँमा आउँछन् । फुल टिप्न गएको त्यो समूह नछुटिएर सो दिनको साँझ एकै ठाउँमा बस्छन् । पुरुषहरू मासुको बन्दोबस्त गर्छन् भने महिलाहरू रक्सी, चामल लगायत जम्मा गरि एकै ठाउँमा खाना खाइ रमाइलो गर्छन् । भोलिपल्ट अर्थात असार १ गते भूमे नाच्ने ठाउँमा गई नाँच्छन् । त्यो दिन ठूलो मेला लाग्छ । गाउँका स्थानीय बुद्धिजीवी र सर्वसाधारण दर्शकहरूको उपस्थितिले मेलाको रौनक बढाइदिएको हुन्छ । विभिन्न प्रकारका नाँचहरू नाँचिसकेपछि बलपुजाका लागि समय हुन्छ । त्यहाँ एउटा ठूलो साँढे भेडा स्थानीय भेडा गोठालेहरूले उपलब्ध गराएका हुन्छन् । पुजाका लागि जैसी धामीले ग्रह दशा हेरेर दुईनजा मान्छे चुनिसकेको हुन्छ । एक जनाले तानेर लिन्छन् अर्कोले लखेट्दै जान्छ । गाउँको बिचबाट लखेट्दै लगिने उक्त साँढे भेडा माथि गृहिणी महिलाहरूले घरका फोहर, धुँसो, खरानी र दशैंमा लगाएको दैलामाथिको टीका फाल्दिन्छन् । यो दृश्य हेर्नेहरूको लागि पनि एउटा मनोरम दृश्य हुन्छ । ती पुरानो सबै चिज फालेर नयाँ सुरुवात गरिने भएकाले यहाँका बासिन्दाले यो पर्वबाट आफ्नो नयाँ वर्ष सुरु भएको ठान्छन् । पुजा गर्ने ठाउँमा पुग्र्याएपछि स्थानीय सेर्पाली कामीले उक्त पुजा गर्ने चलन छ । (स्थानीय मदन बुढासँगको कुराकानीको आधारमा तयार गरिएको हो।)


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय रुकुम पश्चिम

मिति :-२०८०/०२/३०

प.सं. ०७९ ०८०
च.नं. १४२६
श्री रेखदेख साप्ताहिक,
रुकुम पश्चिम ।

बिषय : -३५ दिने सार्वजनिक सुचना प्रकाशन गरी दिने सम्वन्धमा ।

प्रस्तुत बिषयमा तपशिल बमोजिमको सार्वजनिक सुचना प्रकाशन गरी दिनुहुन अनुरोध छ

तपशिल

हकदारका नाममा जारी गरिएको ३५ दिने सार्वजनिक सुचना

स्थायी ठेगाना साविक रुकुम जिल्ला आठविसडाँडागाउ गा.बि.स वडा नं २ भई हाल आठविसकोट नगरपालिका . वडा नं ११ बस्ने गोर्ख पुनको बुवा कलिभान पुनको मिति २०७५/१२/१२ मा मृत्यु भएको आमा जसी पुनको मिति २०४३/०४/१२ मृत्यु भएको मृतक बुवा आमा का हकदारहरुमा माईलो छोरा खडके पुनको मिति २०४५/०२/१२ मा अबिवाहित अवस्थामा मृत्यु भएकोले मृतक बुवा कलिभान पुनको नाममा नाप नक्सा कायम भएका साबिक आठविसडाँडागाउ गा.बि.स वडा नं २ हाल आठविसकोट न.पा. वडा नं ११ का कि.नं ३५५, ३५६, ३७२, ३९०, ४३२, ४९१, ५४३, र ५५९ क्षेत्रफल क्रमस ०१६६५, ००८७५, ०१५६५, ००३२५, ००४१५, ००६१०, ०००२० र ००९७० ब.मी लगायतका सम्पुर्ण जग्गाहरु मृतकका सबैभन्दा नजिकको हकदारहरु साईलो छोरा हस्तविर पुन र कान्छो छोरा नन्दराम पुन मञ्जुरीले जेठो छोरा गोर्ख पुन भएको भन्ने व्यहोरा आठविसकोट नगरपालिका वडा नं ११ को च.नं ८५६ मिति २०८०/०२/२२ गतेको किटानी सिफारिसबाट खुल्न आएको हुँदा मृतक बुवा कलिभान पुनको नाममा नाप नक्सा कायम भएका साबिक आठविसडाँडागाउ गा.बि.स वडा नं २ हाल आठविसकोट न.पा. वडा नं ११ का कि.नं ३५५, ३५६, ३७२, ३९०, ४३२, ४९१, ५४३, र ५५९ क्षेत्रफल क्रमस ०१६६५, ००८७५, ०१५६५, ००३२५, ००४१५, ००६१०, ०००२० र ००९७० ब.मी लगायतका सम्पुर्ण जग्गाहरु मृतकका सबैभन्दा नजिकको हकदार जेठो छोरा गोर्ख पुनका नाममा एकलौटी नामसारी गरिदिएमा कुनै फरक पर्छ कि पर्दैन ? मृतक कलिभान पुनका हकदार एकमात्र श्रीमती जसी पुनको मिति २०४३/०४/१२ मृत्यु भएको हो होईनन् ? निवेदकका बुवा कलिभान पुनको मिति २०७५/१२/१२ मा मृत्यु भएको हो होईन ? निवेदकका माईलो भाई खडके पुनको मिति २०४५/०२/१२ मा अबिवाहित अवस्थामा मृत्यु भएको हो होईन ? मृतक कलिभान पुनको अर्को श्रीमती छन छैनन् ? मृतक कलिभान पुनका हकदार छोराहरु गोर्ख पुन , हस्तविर पुन र नन्दराम पुन हुन होईनन् ? मृतक कलिभान पुन का नाममा नाप नक्सा भएका साबिक आठविसडाँडागाउ गा.बि.स वडा नं २ हाल आठविसकोट न.पा. वडा नं ११ का कि.नं ३५५, ३५६, ३७२, ३९०, ४३२, ४९१, ५४३, र ५५९ क्षेत्रफल क्रमस ०१६६५, ००८७५, ०१५६५, ००३२५, ००४१५, ००६१०, ०००२० र ००९७० ब.मी लगायतका सम्पुर्ण जग्गाहरु गोर्ख पुनका नाममा नामसारी गरिदिएका कुनै फरक पर्छ पर्दैन ?

मृतक कलिभान पुनका नाममा नाप नक्सा कायम भएका साबिक आठविसडाँडागाउ गा.बि.स वडा नं २ हाल आठविसकोट न.पा. वडा नं ११ का कि.नं ३५५, ३५६, ३७२, ३९०, ४३२, ४९१, ५४३, र ५५९ क्षेत्रफल क्रमस ०१६६५, ००८७५, ०१५६५, ००३२५, ००४१५, ००६१०, ०००२० र ००९७० . ब.मी लगायतका सम्पुर्ण जग्गाहरु गोर्ख पुनका नाममा नामसारी नगर्नु पर्ने कुनै कारण भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स प्रमाण उपस्थित हुनु होला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सुचित गरिन्छ ।

ओम बहादुर खत्री
कार्यालय प्रमुख



रेखदेख

**पाठक वर्गमा अनुरोध**

तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरु कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल **९८४७८७६७१३, ९८५१२३६७१३**
**ईमेल :** prabir.rukum@gmail.com वा rekhadekh@gmail.com **मा पठाउनुहोला । सम्पादक**

रेखदेख
रूकुमको लोकप्रिय पत्रिका
२०८० असार ४ सोमबार । 19 June 2023 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
समाचार
www.rekhadekh.com



## नेपालको संविधानमा दलितको अधिकार

नेपालको संविधानमा दलितको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ ।

सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने ।सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।

- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- कुनै व्यक्तिलाई उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने ।
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने ।
- उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न नपाइने ।
- जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने ।
- सबै प्रकारका छुवाछूत तथा भेदभाव जन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने ।
- दलितले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने ।
- दलित समुदायलेआफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्न पाउने ।
- सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि विशेष व्यवस्था गरिने ।
- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिने ।
- प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि विशेष व्यवस्था गरिने ।
- दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न विशेष व्यवस्था गरिने ।
- दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराइने ।
- भूमिहीन दलितलाई एकपटक जमीन उपलब्ध गराईनेर आवासविहीन दलितलाई बसोबासको व्यवस्था गरिने ।
- दलित समुदायलाई प्राप्त सुविधा दलित महिला, पुरुष र सबै समुदायका दलितले समानुपातिक रूपमा पाउने गरी न्यायोचित वितरण गरिने ।
- सामाजिक रूपले पछाडि परेका महिला, दलित समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागि हुन पाउने सामाजिक न्यायको हक हुने ।
- समाजमा विद्यमान धर्म,प्रथा,परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुन:स्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना दलित निर्वाचित गर्नु पर्ने ।
- गाउँ कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुईजना सदस्य रहने ।
- नगर कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीनजना सदस्य रहने ।
- जिल्ला समन्वय समितिमा दलित वा अल्पसंख्यकबाट जिल्ला सभाले निर्वाचित गरेको कम्तीमा एक जना सदस्य रहने ।
- राष्ट्रिय दलित आयोग संवैधानिक निकायको रुपमा रहने र सोको अध्यक्ष र सदस्यहरु दलित मात्र रहने ।

पुथाउत्तरगंगा गाउँपालिकाको कार्यालय रुकुम (पूर्व)

# पाचौं गुरिल्ला अल्ट्रा ट्रेल रेस प्रतियोगिताको उपाधी भुवन र अनितालाई




■ रेखदेख संवाददाता
रूकुम

भूमे गाउँपालिकाले आयोजना गरेको ५२ किलोमिटर दुरिको पाचौं गुरिल्ला अल्ट्रा ट्रेल रेस प्रतियोगिता अन्तर्गत पुरुष तर्फको उपाधि रुकुम पश्चिम सानीभेरी गाउँपालिका ३ का भुवन ओलीले जितेका छन्। निर्धारित ५२ किलोमिटर दुरी ६ घण्टा ८ मिनेट ९ सेकेण्डमा पार गर्दै ओली पुरुष तर्फ प्रथम भएका छन्। झिनो अन्तरले पछि परेका रुकुम पश्चिम सानीभेरी गाउँपालिका ३ कै अर्जुनकुमार बस्नेत दोस्रो भएका छन्। उनले निर्धारित दुरी ६ घण्टा ८ मिनेट १९ सेकेण्डमा पार गरे। ओली र बस्नेतका विचमा जम्मा १० सेकेण्डको फरक परेको थियो। पुरुष तर्फ भूमे ३ का शक्तिराम रोका निर्धारित दुरी ६ घण्टा १५ मिनेटमा पार गर्दै तेस्रो हुँदा ६ घण्टा २३ मिनेट १ सेकेण्डमा दौड पुरा गर्दै थवाङ १ रोल्पाका मनकुमार रोकामगर चौंथो बनेका छन्। त्यस्तै रुकुम पश्चिमको मुसीकोट ७ का दुर्गाराज बुढा पाँचौं, सानीभेरी ३ का लक्ष्मण केसी छैटौं, भूमे २ का हिमाल बुढा सातौं, भूमे १ का माइकल घर्ती आठौं, पुथाउत्तरगंगा गाउँपालिका १० का दशरथ बुढा नवौं र भूमे गाउँपालिका ६ का राजिधन बुढा दशौं भएका छन्। पुरुष तर्फ २५ धावकले प्रतिस्पर्धा गरेका थिए। महिला तर्फ निर्धारित ५२ किलोमिटर दुरी ८ घण्टा १५ मिनेटमा पार गर्दै सोलुखुम्बुकी अनिता राई प्रथम भएकी छिन्। ९ घण्टा १० मिनेट ३ सेकेण्डमा दुरी पार गर्दै भूमे गाउँपालिका वडा नम्बर ८ की सोनिका खड्का द्धितिय र १० घण्टा १५ मिनेट २ सकेण्डमा दुरी पार गर्दै भूमे ६ की अनिता बुढामगर तृतिय भएको जनाएको छ। महिला तर्फ ९ धावकले प्रतिस्पर्धा गरेका थिए। महिला र पुरुषको पुरस्कार समान रहेको छ। महिला र पुरुष विजेताले ५० हजार, उपविजेताले ३० हजार, तेस्रोले १५ हजार र चौंथो स्थान हासिल गर्नेले ८ हजार नगद पुरस्कार पाएका छन्। पाँचौं देखि दशौं स्थानसम्म हाँसिल गर्ने धावकले समान ५ हजार नगद पुरस्कार पाएका भुमे गाउँपालिकाले जनाएको छ। भूमे गाउँपालिका वडा नम्बर ६ महतबाट सुरु भएको दौड ऐतिहासिक गाउँ रोल्पाको थवाङ, जलजला, मारिङ लगायतका ठाउँ हुँदै वडा नम्बर २ को खाबाङ बगर पुगेर सम्पन्न भएको थियो। त्यस्तै भूमे गाउँपालिकाले आयोजना गरेको १० किलोमिटर गुरिल्ला अल्ट्रा ट्रेल दौडमा पुरुष तर्फ भूमे-२ जंगाधाराका आकाश रोका मगर र महिला तर्फ भूमे-२ खाबाङका प्रिया पुन मगर प्रथम छन्। १० कि.मी. तेस्रो संस्करणको गुरिल्ला अल्ट्रा ट्रेल दौडमा पुरुष तर्फ प्रथम भएका रोका मगरले निर्धारित १ घण्टा १२ मिनेटमा दुरी पार गर्दै प्रथम हुँदा महिला तर्फ पुन मगरले निर्धारित १ घण्टा ४३ मिनेटको दुरी पार गर्दै प्रथम भएकी हुन्।

## रेखदेख साप्ताहिक राशिफल

४-१० असार २०८०
19-25 June 2023

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५

**मेष :** यो साता भक्ति र सेवा भाव बढेर जानेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । रमणीय र सुखद् यात्राको योग छ । रोकिएका अधुरा कामहरूको पुन: योजना बन्नेछ। बुधबारबाट प्रेममा बाधाका साथै बन्न लागेको काम बिग्रनेछ । शैक्षिक क्षेत्र पनि कमजोर रहनेछ ।

**वृष :** यो हप्ता लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । दाजुभाइ तथा दिदीबहिनीले तपाईंका विचारलाई समर्थन गर्नेछन् । नयाँ र शुभ कार्यको योजना बन्नेछ। कीर्तिमानी काम गर्ने समय छ । अतिथिका रूपमा सम्मान पाइनेछ । कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ ।

**मिथुन :** यो साता आज सहकर्मीबाट विरोध आउन सक्छ। स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च बढ्नेछ । मङ्गलवारबाट कुनै कुराले मनमा शान्ति छाउनेछ । राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। पुँजी बजारले पनि साथ दिनेछ ।

**कर्कट :** यो साता सामाजिक कार्यमा सफलता हात लाग्नेछ। आँटेको र ताकेको कार्य पुरा होला । शुभकार्य या धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ । बोलीको प्रभाव पनि बढ्नेछ। साताको अन्त्यमा बाटो काट्दा वा यात्रा गर्दा सचेत हुनुपर्छ।

**सिंह :** यो साता आकस्मिक धन लाभ हुनसक्छ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। नयाँ र शुभ समाचार सुन्न पाइनेछ। प्रेम जीवन पनि सफल नई राहनेछ । मध्य साताबाट नाक तथा घाँटीमा समस्या आउनेछ अत: स्वास्थ्य प्रति सजग रहनुहोला ।

**कन्या :** यो साता धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। मनोरञ्जनमा सहभागिता पनि भइएला। शेयर बजारमा लगानीका लागि नयाँ योजना बन्नेछ। साताको उत्तरार्ध बाट घर व्यवहारको समस्याले सताउनेछ। यो साताका लागि शुभ अङ्क ६,७ र शुभ रङ्ग कलेजी वा खैरो हो ।

**तुला :** यो साता मध्यम नै रहनेछ। नियम र अनुशासनलाई बेवास्ता गर्दा अवसर र लाभ गुम्न सक्छ । साताको मध्यमा प्रेम र मित्रताको बन्धन कसिने बेला छ। खानपिनको विविध परिकार खान पाइनेछ । धार्मिक यात्राको योग र योजना बन्नेछ। शुभकार्यको चर्चा पनि चल्नेछ ।

**वृश्चिक :** यो साता एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। महिला वर्गबाट विषेश सहयोग मिल्नेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ । शेयर बजारको क्षेत्रमा पनि राम्रो सफलता मिल्ला ।

**धनु :** यो साता धर्म संस्कृति तथा रीतिरिवाजमा तपाईंको सहभागिता हुनेछ । कृषि र धार्मिक कार्यहरू सम्पन्न हुनेछ । चिताएको कामले तीव्रता लिनसक्छ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै सुखमा रमाउने समय रहेको छ। यो साताका लागि शुभ अङ्क २,६ र शुभ रङ्ग रातो वा गुलाबी हो ।

**मकर :** यो साता आदर्श व्यक्ति सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। शुभ कार्यमा सरिक भइनेछ। सामाजिक तथा राजनैतिक कार्यमा रुचि बढ्नेछ। साताको मध्य भागमा घरायसी झमेलामा परिनेछ। आफूलाई कमजोर भएको अनुभूति पनि हुनसक्छ।

**कुम्भ :** यो साता शत्रुहरूको गतिविधिले आत्मबल घटाउन सक्छ । विद्यार्थीहरूको पढाईमा मन नजान सक्छ। नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक नहोला। बुधवारबाट प्रेमीको सहयोग पाइनेछ। प्राविधिक र राजनैतिक कार्यमा सफलता।

**मीन :** नयाँ कार्यको योजना बन्नेछ। धार्मिक यात्राको योग छ। काम गर्ने जोशजाँगर र उमङ्ग बढ्नेछ । राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । पुँजी बजारले पनि साथ दिनेछ । नयाँ कामको थालनी हुनेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

## नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

**नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

• राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको ।
• आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
• सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
• सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
• उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
• सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
• समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
• सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
• नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
• संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

चौरजहारी नगरपालिकाको कार्यालय
रुकुम (पश्चिम)

## मुसिकोट, रुकुम, नगरपालिका स्थित फोहोर व्यवस्थापन र ल्यान्डफिल्ड साइट निर्माणको लागी प्रारम्भिक आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षणको मस्यौदा प्रतिवेदनमाथि सार्वजनिक सुनवाइ सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८०/०२/०४

प्रस्तावित मुसिकोट नगरपालिका, रुकुम स्थित फोहोर व्यवस्थापन र ल्यान्डफिल्ड साइट निर्माणको लागी सम्बन्धित आयोजना कर्णाली प्रदेशको रुकुम जिल्लाको मुसिकोट नगरपालिकाको वडा नं १ मा अवस्थित छ । यस प्रस्तावित मुसिकोट नगरपालिका, रुकुम स्थित ल्यान्डफिल्ड साइटको कुल क्षेत्रफल जम्मा १ बिघा रहेको छ । प्रस्तावित आयोजनाको वातावरण संरक्षण नियमावली, २०७७ अनुसार तयार पारिएको प्रारम्भिक वातावरणीय परिक्षणको मस्यौदा प्रतिवेदन माथि मिति २०८०/०३/१२ गते मङगलबार रुकुम जिल्लाको मुसिकोट नगरपालिकाको वडा नं १ को कार्यालय भवनमा ११ बजे सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हुँदा गाउँपालिका, जिल्ला समन्वय समिति तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुलाइ उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ।

**सम्पर्क ठेगाना**
ब्रिक कन्सल्ट प्रा. लि.
कुपन्डोल १०, ललितपुर
सम्पर्क नं: ९८६२२७४६८७
ईमेल: prayasec@gmail.com

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्यकर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

जिल्ला स्वास्थ्य कार्यालय
रुकुम (पश्चिम)

# जापानको डिभोर्स मन्दिर, जहाँ डिभोर्स गर्नका लागि महिलाहरू जान्छन्



तपाईले मनको इच्छा पूरा गर्नका लागि वरदान माग्न जाने खालका धर्मस्थल तथा मन्दिर हरुको बारेमा त सुन्नुभएकै होला । त्यहाँ प्रेमजोडी तथा पति पत्नीहरु गएर जन्मजन्मान्तर सम्म सँगै बाँच्ने कसम खान्छन् र बरदान माग्दछन् । तर के तपाईले यस्तो मन्दिरका बारेमा सुन्नुभएको छ जहाँ मानिसहरु जोडी बाँधन वा मिलनका लागि होइन छुट्टिन वा डिभोर्सका लागि जाने गर्दछन् ? हो, जापानमा एउटा यस्तै अनौठो मन्दिर छ । ६ सय वर्ष पुरानो उक्त मन्दिर को नाम मात्सुगाओका टोकिजी मन्दिर हो, जुन त्यहाँको सांस्कृतिक तथा ऐतिहासिक रुपमा निकै महत्वपूर्ण मानिन्छ । सो मन्दिरलाई जापानमा सशक्तीकरण र नवीकरणको सन्देश बाहकको रुपमा पनि लिने गरिन्छ । यो मन्दिरलाई डिभोर्स टेम्पल अर्थात् सम्बन्ध विच्छेद मन्दिरको नामले पनि चिनिन्छ ।

**कसरी रह्यो नाम ?**

वास्तवमा सन् १२८५ मा एकजना बौद्धभिक्षु काकुसान शिदो नीले स्थापना गरेको उक्त मन्दिर एक बौद्ध मन्दिर हो । सुरुवातमा महिलाहरुको लागि आध्यात्मिक मार्गदर्शन र सहयोगका लागि एक स्थलको रुपमा सो मन्दिर बनाइएको थियो । त्यसबेला महिलाहरुको अवस्था नाजुक थियो र महिलासँग आधारभूत अधिकार पनि थिएनन् । त्यसका अलावा महिलामाथि विभिन्न खाले सामाजिक प्रतिबन्ध पनि लगाइएको थियो । त्यस्तोमा महिलाहरु आफ्नो विवाहमा खुसी हुन सक्दैनथे वा घरेलु हिंसाको सिकार हुन्थे । त्यस्ता महिलाहरु उक्त मन्दिरमा गएर शरण लिने गर्दथे ।त्यसबेला विभिन्न समुदायमा वैवाहिक सम्बन्ध विच्छेद हुनुलाई निकै गम्भीर विषय हुन्थ्यो खासगरी महिलाका लागि । पछि टोकिजी मन्दिरले वैवाहिक सम्बन्धमा प्रताडित भएका वा आफ्नो पतिसँग छुट्टिएर त्यहाँ गएर बस्न थालेका महिलाहरुलाई आधिकारिक रुपमा डिभोर्सको प्रमाणपत्र दिन सुरु गऱ्यो । त्यसलाई सुफुकु जी भनिन्छ । सो प्रमाणपत्र पाएसँगै महिलाहरु वैवाहिक बन्धबाट मुक्त हुन्छन् र कानूनी स्वतन्त्रता प्राप्त गर्दछन् । कलाकृतिले भरिपूर्ण यो मन्दिरमा एउटा संग्राहलय पनि छ जसमा मन्दिरको इतिहाससँग सम्बन्धित विभिन्न कलाकृतिहरु, दस्तावेजका साथै ऐतिहासिक खाताहरु पनि प्रदर्शनमा राखिएको छ । यसबाट मानिसहरुले मन्दिर को महत्व तथा सामन्ती युगमा महिलाहरुलाई ससक्त बनाउनका लागि मन्दिरले खेलेको भूमिकाको बारेमा बुझ्न सक्दछन् । आफ्नो ऐतिहासिक तथा सांस्कृतिक महत्वका अलावा यसले एउटा सक्रिय बौद्ध मन्दिर को रुपमा पनि आफ्नो भूमिका निर्वाह गरिरहेको छ । यहाँ धार्मिक समारोह, योगा कक्षा तथा रिट्रिटको पनि आयोजना हुने गर्दछ । मन्दिरका भिक्षु भिक्षुणीहरुले शान्ति तथा ज्ञान र सान्त्वना प्राप्त गर्न चाहने आगन्तुहरुलाई आध्यामिक मार्गदर्शन प्रदान गर्ने गर्दछन् । हरियाली तथा चेरीका रुखहरुको बीचमा रहेको यो मन्दिर निकै शान्त स्थानमा अवस्थित छ । वास्तुकलाको अनुपम नमूनाको रुपमा रहेको यो मन्दिरमा काठका विभिन्न कलात्मक चिजहरु पनि छन् । मुख्यद्धारतर्फ जाने ढुंगा ओछ्याइएको बाटोले मानिसहरुलाई स्वागत गर्दछ जसलाई सनमोन गेटको रुपमा चिनिन्छ । त्यो द्वार एक विशाल हलमा खुल्दछ, जहाँ धार्मिक समारोह तथा योग हुने गर्दछ । एजेन्सीको सहयोगमा

## विषादीको प्रयोगमा सचेत बनौं

विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु,

- थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्टा लाग्नु, छाती दुख्नु।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु।
- नाक पोल्नु, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक-वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु।
- हिंड्दा लड्खडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ-स्वाँ बढ्नु र मुर्छा पर्नु।

त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसीकोट नगरपालिका. १, मिडियाचोक रुकुम (पश्चिम) फोन नं : ९८४७८७६७१३ इमेल : rekhadekh@gmail.com, prabir.rukum@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम